# कर्णाली जलश्रोत लिमिटेड

## कम्पनी ऐन, २०६३ को दफा १०९(४) बमोजिमको

## आ.ब. २०७८/०७९ को बार्षिक प्रतिवेदन, आठौ बार्षिक साधारण सभा

**आदरणीय शेयर धनी महानुभावहरु,**

यस **कर्णाली जलश्रोत लिमिटेडले** प्रचलित कम्पनी कानून अनुसार परीधिमा रही हरेक बर्ष झै यस बर्ष पनि आयोजना गरीएको आठौं बार्षिक साधारण सभामा उपिस्थित सम्पुर्ण शेयरधनीहरुलाई हार्दिक स्वागत तथा अभिवादन गर्दछु । यस आर्थिक बर्ष २०७८/७९ को कम्पनीको बार्षिक प्रतिवेदन सहित तयार भएको कार्य प्रगति विवरण सञ्चालक समितिको तर्फबाट  शेयर धनी महानुभावहरु समक्ष प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**१. संचालक समितिको सम्बन्धमा ।**

यस कम्पनीको बर्तमान संचालक समिति मितिः २०७६।०९।१९ मा पाँचौ बार्षिक साधारण सभाबाट चयन गरिएको हो । संचालक समितिको गठन निम्नानुसार रहेको र यसको पदाअवधि २०८०।०९।१८ सम्म रहेको जानकारी गराउंदछु ।

| | |
|---|---|
| क. लोकबहादुर रावत | - अध्यक्ष |
| ख. भेषराज कणेल | - सदस्य |
| ग. अमर नारायण माली | - सदस्य |
| घ. भरतप्रसाद प्रसाई | - सदस्य |
| ङ जुद्धबहादुर गुरुङ | - सदस्य |
| च. भैरबबहादुर बोहरा | - सदस्य |
| छ. प्रभा कर्माचार्य | - सदस्य |

**२. शेयरधनी सम्बन्धमा ।**

आ.ब. २०७७।२०७८ मा जम्मा शेयर सदस्यहरु ३१३ जना रहेकोमा यस आ.ब मा १०८ जना शेयर सदस्यहरु थप भएका छन् ।  आ.ब. २०७८।२०७९ सम्ममा यस कम्पनीका शेयरधनीहरुको संख्या जम्मा ४२१ जना रहेको जानकारी गराउंदछु ।

**३. कम्पनीको कार्य संचालन सम्बन्धमा ।**

यस कम्पनीको साविक रजिष्टर्ड कार्यालय का.म.न.पा. -२९ अनामनगर रहेको स्थान, हाल सम्पर्क स्थलको रुपमा रहिरहेको छ भने दैनिक कारोवार सञ्चालनको लागि हिमालयन वाटर रिसोर्सेज एण्ड ईनर्जी डेभेलपमेन्ट कम्पनी प्रा.लि. को कार्यालय का.म.न.पा. - ३१ शंखमुलमा रहेको छ ।

**४. लगानी सम्बन्धमा ।**

आ.ब. २०७८।२०७९ सम्म आईपुग्दा यस कम्पनीले शेयरधनीहरुबाट प्राप्त भएको शेयर रकमलाई उपयोग गरी कारोवार सञ्चालन भइरहेको छ । यस कम्पनीमा शेयरबाट प्राप्त भएको रकम हिमालयन वाटर रिसोर्सेज एण्ड इनर्जी डेभलपमेण्ट कम्पनी प्रा.लि. को नाममा निर्माणधिन माथिल्लो चौरी खोला जल विद्युत आयोजना (६ मेगावाट) मा र यस कम्पनीले संचालन गरी रहेको स्यानो खोला जल विद्युत आयोजना (४.७५ मेगावाट)मा लगानी भईरहेको जानकारी गराउंदछु ।

**५. लगानी गरेका आयोजना सम्बन्धमा ।**

**५.क. चौरी खोला जल विद्युत आयोजना सम्बन्धमा ।**

आयोजना निर्माण कार्य सम्पन्न गर्नको लागि वित्तिय व्यवस्थापन (Financial Closer) राष्ट्रिय बाणिज्य बैंक लि.को अगुवाईमा कृषि विकास बैंक लि.को सहवित्तियकरणको कार्य प्रकृया पुरा गरी, मिति २०७८।०४।१४ मा Syndicated Credit Facility Agreement सम्पन्न भएको छ । आयोजनाको Civil निर्माण कार्य निरन्तर प्रगति भई रहेको छ ।  Electro-Mechanical Supplier छनोट भै LC खोल्ने काम सम्पन्न भएको छ भने Hydro-Mechanical सप्लाईको लागि LC खोल्ने प्रकृया अन्तिम चरणमा छ । Transmission Line को सर्भे Licence लिई स्थलगत सर्भे सम्पन्न गरी प्रतिवेदन तयार भएको र निर्माण अनुमती लिने प्रकृयामा रहेको जानकारी यस सभालाई गराउन चाहन्छु ।

परियोजनालाई आवश्यक पर्ने जग्गा मध्ये निजि स्वामित्वमा रहेको **५२०१४** वर्ग मिटर जग्गा खरिद प्रकृया गत आ.व. मा नै पुरा गरी परियोजना प्रबर्द्धक कम्पनीको नाममा हक स्वामित्व कायम भई सकेको छ भने सरकारी स्वामित्वमा रहेको जग्गाको Lease Agreement अन्तिम चरणमा रहेको अवस्था छ र हाल सम्म निम्नानुसार कार्य भएका छन् :

- Power Purchage Agreement (PPA)  Signed Date : 2074/07/27.
- Required Commercial Operation Date (RCOD) : 2080/04/02
- Civil Work Contract Agreement
  Contract Package A:  R & R – Samaya JV
  Conract Package B:   Ghising Builders Pvt.Ltd
- Construction Power – R & R – Samaya JV (Completed)
- L/C Open – EM, Advance Payment has been released
  – HM – Gets And Accessories - Contract Awarded

– HM –Pipe In process

- Transmission Line Survey Lisence Aquired

### ५.ख. आर्थिक व्यबस्थापन सम्बन्धमा

### I. आयोजनाको आर्थिक दायित्व

यस आयोजनाका मुख्य आर्थिक दायित्व कर्णाली जलश्रोत लिमिटेडमा रहेको छ र यस कम्पनीका शेयरधनीहरुबाट प्राप्त रकमबाट आवश्यकता पूर्ति गर्दै आएको जानकारी गराउदछु ।

### II. चौरीखोला जल बिद्युत आयोजनाको अध्ययन तथा प्रर्बद्धन खर्च

यस आ.ब. सम्ममा आयोजनाको अध्ययन तथा प्रर्बद्धन खर्च समेत रु २६,२८,७६,६०१,।- ( अक्षेरुपी छब्बिस करोड अट्टाईस लाख छयहत्तर हजार छ सय एक ) रहेको छ ।

| Particulars | Sub-Sch | As on 32 Ashad 2079 |
|---|---|---|
| Project Initial Expenses | 4.1 | 29,993,420.97 |
| Civil Work | 4.2 | 93,787,308.66 |
| Metal Works | 4.3 | 807,755.00 |
| Transmission Line / Construction Power | 4.4 | 5,287,693.75 |
| Camping Facilities | 4.5 | 2,853,250.00 |
| Infrastructure Development & Access Road | 4.6 | 21,744,867.23 |
| Social Cost & Environmental Mitigation | 4.7 | 1,317,323.00 |
| Project Management & Engineering Expenses | 4.8 | 59,837,934.96 |
| Financial Charge & Interest | 4.9 | 4,191,336.35 |
| Miscellaneous | 410 | 2,169,855.00 |
| Assets (Land & Other Fixed Assets) | 4.11 | 40,885,855.53 |
| **Total** | | **26,2876601.00** |

### III. पेश्की तथा डिपोजिट र नगद सम्बन्धमा

आ.ब. २०७८।२०७९ सम्म यस कम्पनीको पेश्की तथा डिपोजिट र नगदहरु निम्नानुसार रहेको छ ।

| Particulars | | As on 32 Ashad 2079 |
|---|---|---|
| Civil Work Advances | **7.4** | 19,550,238.16 |
| Hydro- Mechanical Works | **7. 10** | 1,800,000.00 |
| Project Supervision & Consultancy | **7. 11** | 255,000.00 |
| Project Management | **7. 12** | 123,875.00 |
| **Total** | | **21,729,113.16** |

| Particulars | As on 32 Ashad 2079 |
|---|---|
| Bank Gurantee Margin ( Global IME Bank Ltd.) | 720,000.00 |
| L/C Margin (Rastriya Banijya Bank Ltd.) | 8,057,546.88 |
| Bank Gurantee Margin-Exim Code (Rastriya Banijya Bank Ltd) | 75,000.00 |
| **Total** | **8,852,546.88** |

| Particulars | | As on 32 Ashad 2079 |
|---|---|---|
| NMB Bank Limited | | 312,042.98 |
| Rastiya Banijya Bank | | 74,371.00 |
| Rastiya Banijya Bank - Corporate | | 30,857.54 |

| | | |
|---|---|---|
| Agriculture Devlopment Bank Limited | | 18,408.85 |
| Civil Bank Limited | | 10,979.00 |
| Global IME Bank | | 4,960.00 |
| **Total** | | **451,619.37** |

### IV. तिर्नु पर्ने दायित्व  सम्बन्धमा

आ.ब. २०७८।२०७९ सम्म यस कम्पनीमा तिर्नु पर्ने दायित्व निम्नानुसार रहेको छ ।

| **Particulars** | | **As on 32 Ashad 2079** |
|---|---|---|
| Duties & Taxes Payable | 8.1 | 2,089,983.44 |
| Sundry Creditors | 8.2 | 56,539,165.87 |
| Other Payable | 8.3 | 103,673.00 |
| Retentation Money | 8.4 | 2,074,940.45 |
| **Total** | | **60,807,762.76** |

### V. बैंक तथा वित्तिय संस्था सम्बन्धमा

यस कम्पनीबाट प्रबर्द्धन हुने आयोजनाको वित्तिय व्यवस्थापनमा राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र कृषि बिकास बैंक लिमिटेड सँग मिति २०७८।०४।१४ मा Syndicated Credit Facility Agreement सम्पन्न भए पश्चात यस आ.ब.मा निम्नानुसारको कारोवार भएको जानकारी गराउंदछु ।

| **बैकको नाम** | **आ.ब २०७८।०७९** | **कैफीयत** |
|---|---|---|
| राष्ट्रिय वाणिज्य बैंक लि. | २,४१,६८,२५४.६२ | EM को Advance Payment समेत सम्पन्न भएको जानकारी गराउदछु । |
| कृषि बिकास बैंक लि. | १,०३,७४,०००.०० | |
| जम्मा रु | **३,४५,४२,२५४.६२** | |

**५.ख. स्यानो खोला जलविद्युत आयोजना सम्बन्धमा ।**

- **कर्णाली जलश्रोत लि**.को नाममा सर्भे इजाजत प्राप्त **म्याग्दी** जिल्ला **रघुगंगा गाउँपालिका** वडा नं. ८, कुईने मंगले क्षेत्रमा पर्ने **स्यानो खोला जलविद्युत आयोजना (४.७५ मे.वा.)** को परियोजनामा Feasibility Study सम्पन्न भए पश्चात प्रारम्भिक वातावरणीय परिक्षण (IEE) को प्रतिवेदन स्वीकृति भएको छ । हाल विद्युत खरिद सम्फौता (PPA) गर्नको लागि नेपाल विद्युत प्राधिकरणमा र विद्युत उत्पादन इजाजत ( Genaration Lincence) प्राप्तिको लागि विद्युत विकास विभागमा आवश्यक शुल्क समेत बुझाई विधिवत प्रकृया अगाडी बढेको छ, ।

## ६. आर्थिक बर्ष २०७८/०७९ को संक्षिप्त आर्थिक विवरण

### ६.क. शेयर बाट प्राप्त रकम

आ.ब. २०७८।२०७९ सम्म आईपुग्दा यस कम्पनीको ४२१ जना शेयरधनीहरु मध्ये बाट शेयर रकम रु २१,२९,०२,१००।- (अक्षेरुपी एकाईस करोड उनान्तीस लाख दुई हजार एक सय रुपिया मात्र ) प्राप्त भएको छ । त्यस मध्ये यस आ.ब. २०७८।२०७९ मा जम्मा रु ७,५४,१९,२००।- (अक्षेरुपी सात करोड चवन्न लाख उन्नाईस हजार दुई सय रुपिया ) प्राप्त भएको जानकारी गराउदछु ।

### ६.ख. खर्च तथा लगानी सम्बन्धमा

आ.ब. २०७८।२०७९ सम्म आईपुग्दा यस कम्पनीका लगानी तथा खर्चहरु निम्नानुसार भएको देखिन्छ ।

### ६.ख.अ. खर्च विवरण

#### क. स्यानो खोला आयोजनाको अध्ययन तथा प्रर्बद्धन खर्च

स्यानो खोला आयोजनाको अध्ययन तथा प्रर्बद्धन खर्च रु १,८३,३५,२७१।- ( अक्षेरुपी एक करोड त्रियासी लाख पैतिस हजार दुई सय एकहत्तर रुपिया मात्र) रहेको छ ।

#### ख. सम्पत्ति तथा कार्यालय सामानहरु खरीद खर्च

आ.ब. २०७८।२०७९ सम्म आईपुग्दा यस कम्पनीमा सम्पत्ति तथा कार्यालय सामानको खरीद खर्च रु ३,२३,७०५।- (अक्षेरुपी तिन लाख तेइस हजार सात सय पाँच रुपिया मात्र) रहेको छ।

#### ग. पेश्की तथा डिपोजिट र नगद सम्बन्धमा

आ.ब. २०७८।२०७९ सम्म आईपुग्दा यस कम्पनीमा पेश्की तथा डिपोजिटमा र नगद गरी जम्मा रु २४,४०,४४४।- (अक्षेरुपी चौबिस लाख चालिस हजार चार सय चवालिस रुपिया) मात्र  रहेको छ ।

**घ. तिर्नु पर्ने दायित्व  सम्बन्धमा**

आ.ब. २०७८।२०७९ सम्म आईपुग्दा यस कम्पनीमा तिर्नु पर्ने दायित्व जम्मा रु २,३३,९२६।- (अक्षेरुपी दुई लाख तेत्तिस हजार नौ सय छब्बिस रुपिया) मात्र रहेको छ ।

**६.ख.आ. लगानी विवरण सम्बन्धमा ।**

क. आ.ब. २०७८।२०७९ सम्म आईपुग्दा यस कम्पनीको सहायक कम्पनी हिमालयन वाटर रिसोर्सेज एण्ड इनर्जी डेभलपमेण्ट कम्पनी (माथिल्लो चौरी खोला जल विद्युत आयोजना ६ मेगावाट ) जम्मा रु १९,१२,७०,४००।- (अक्षेरुपी उन्नाइस करोड बाह्र लाख सत्तरी हजार चार सय रुपिया मात्र) लगानी भएको छ ।

ख. आ.ब. २०७८।२०७९ सम्म यस कम्पनीका शेयर सदस्यहरुबाट प्राप्त भएको रकम यसै  कम्पनीको प्रायोजनमा बन्ने स्यानो खोला जल विद्युत आयोजनामा अध्ययन तथा प्रर्वद्धनमा समेत लगानी भएको जानकारी गराउंदछु ।

**७. भावी नीति तथा कार्यक्रम र लक्ष्य**

**७. क. भावी नीति तथा  कार्यक्रम**

- यस कम्पनीको सहायक कम्पनी अन्तर्गत निर्माण भइरहेको आयोजना माथिल्लो चौरी खोला जल विद्युत आयोजना (६ मेगावाट) को Required Commercial Operation Date (RCOD) मिति २०८०।०४।०२ कायम रहेको छ, निर्माण कार्य सम्पन्न गरी समय भित्र RCOD गरीने प्रतिबध्दता व्यक्त गर्दछु ।

- यस कम्पनीको प्रायोजनमा निर्माण गरिने  स्यानो खोला जल विद्युत आयोजना (४.७५ मेगावाट) को हकमा नेपाल विद्युत प्राधिकरण संग विद्युत खरिद सम्झौता (PPA) गर्ने र विद्युत विकास विभागबाट विद्युत उत्पादन इजाजत (Genaration Lincence) प्राप्त गरी, विस्तृत आयोजना प्रतिवेदन (Detailed Project Reprt) तयार गरिने छ ।

**७. ख. लक्ष्य**

कम्पनीका लक्षित भावि कार्यक्रमलाई कार्यान्वयन गर्ने निम्नानुसार लक्ष्य प्राप्तिका लागि शेयरधनी महानुभावहरुबाट सक्रिय सहयोग आवश्यक रहेको जानकारी गराउदछु ।

- चौरीखोला आयोजनामा लगानी गर्नु पर्ने अनुमानित लागत रकम ११२ करोड रुपैयाँको ३५% ले हुन आउने ३९.२ करोड स्वपुँजी ( Equity) मध्ये आ.ब. २०७८।०७९ सम्म २१.२९ करोड लगानी भैसकेको छ, यस आयोजना सम्पन्न गर्न थप स्वपुँजि (Equity) रु. १७.९१ करोड लगानी आवश्यक रहेको छ ।

- यस आ.ब.मा लक्षित कार्य पुरा गर्न स्यानोखोला आयोजनाको लागि अनुमानित ६० लाख रुपैयाँ खर्च हुने देखिन्छ ।

यसरी हेर्दा यस आ.ब. मा स्वपुँजी (Equity) रु. १८.५ करोड थप शेयर संकलन गरी लगानी गर्नु पर्ने देखिन्छ । यो लक्ष हासिल गर्न सबै शेयरधनी महानुभावहरु गम्भिर हुनु हुनेछ भन्ने भरोसा लिएको छु ।

यस कम्पनीले यस आ.व. २०७८।०७९ मा गरेको प्रगतिको सम्बन्धमा प्रस्तुत विवरण तथा यस कम्पनीको कारोवार हिसाबको लेखा परिक्षण प्रतिवेदन समेत यस आठौं वार्षिक साधारण सभामा पेश गरिएको छ, आवश्यक सल्लाह, सुझाव सहित पारित गरी दिनु हुन उपस्थित सम्पूर्ण शेयर धनी महानुभावहरु समक्ष सादर अनुरोध गरिन्छ ।

अन्त्यमा यस कम्पनीको सहायक कम्पनीको रुपमा रहेको हिमालयन वाटर रिसोर्सेज एण्ड इनर्जी डेभलपमेन्ट कम्पनी प्रा. लि.ले प्रवर्ध्दन गरी विभिन्न चरण निर्माण कार्य शुरु भईसकेको परियोजना सम्पन्न गर्ने तथा यस कम्पनी आफैले प्रबर्द्धन गर्ने स्यानो खोला जलविद्युत आयोजना समेतको निर्माण कार्य शुरु गर्नको लागि सबै शेयरधनी महानुभावहरुबाट थप सल्लाह सुझाव र सहयोग अपेक्षा राख्दै आ.व. २०७८।०७९को प्रगति प्रतिवेदन  छलफलको लागि पेश गर्दछु ।

धन्यवाद  ।

**प्रस्तुत कर्ता**
लोक बहादुर रावत
अध्यक्ष
सञ्चालक समिति

मितिः २०७९ साल पौष २३ गते, शनिवार ।
बुद्धनगर, काठमाण्डौं ।